नवौं बैठक

आज मिति २०७९ साल असार ३० गते बिहिबार बिहान ८:०० बजे यस बलेफी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री गंगा बहादुर तामाङ ज्यूको अध्यक्षतामा बसी देहाय बमोजिमको निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

१. अध्यक्ष श्री गंगा बहादुर तामाङ
२. उपाध्यक्ष श्री सरु लामा तामाङ
३. सदस्य श्री हुप बहादुर खड्का
४. सदस्य श्री छविलाल न्यौपाने
५. सदस्य श्री रितेश तामाङ
६. सदस्य श्री सुर्जे तामाङ
७. सदस्य श्री यादव ठकुरी
८. सदस्य श्री तेज बहादुर पराजुली
९. सदस्य श्री गृविन्द्र कुमार चौंलागाई
१०. सदस्य श्री रमेश कुमार श्रेष्ठ
११. सदस्य श्री ईश्वरी भण्डारी
१२. सदस्य श्री रश्मी तामाङ
१३. सदस्य श्री देवकी भुजेल
१४. सदस्य श्री कविता काफ्ले
१५. सदस्य श्री समिक्षा भुजेल
१६. सदस्य श्री ज्ञाने सुनार
१७. सदस्य - सचिव श्री देवीलाल सापकोटा

<u>आमन्त्रित:-</u>

खड्ग बहादुर पाण्डे (प्रमुख, शिक्षा शाखा)

कुशल अधिकारी ( लेखापाल)

सुकुलाल तामाङ (कार्यालय सहायक चौथौ)

प्रस्तावहरु

१. कार्यक्रमको समिक्षा सम्बन्धमा ।

२. विविध सम्बन्धमा ।

निर्णयहरु

१. चालु आर्थिक वर्ष २०७८।०७९ मा यस बलेफी गाउँपालिकाको सबै वडाहरुमा सञ्चालित कार्यक्रमहरुको प्रगति समिक्षा गरियो ।

विविध

- बलेफी गाउँपालिकाको शिक्षा नियमावली, २०७९ पारीत गर्ने ।
- यस गाउँपालिकाको शिक्षा नियमावली, २०७९ बमोजिम प्रत्येक विद्यालयहरुले ७ दिनभित्र विद्यालय व्यबस्थापन समिति गठन गरी सो को विवरण बलेफी गाउँ कार्यपालिका कार्यालयको शिक्षा, यूवा तथा खेलकुद शाखामा पेश गर्ने ।
- बलेफी गाउँपालिकाका वडाहरुमा राहत उद्दार तथा पुनस्थापना खर्च शिर्षकमा स्वीकृत बजेट रकम भएको अवस्थामा सम्बन्धित वडाअध्यक्षले उक्त शिर्षकबाट वडाको अति विपन्न र असाहय व्यक्तिहरु विरामी भएको अवस्थामा व्यक्ति किटान गरी त्यस्ता व्यक्तिहरुको उपचारको लागि उक्त खर्च शिर्षकबाटबढीमा २०,०००/- रकमसम्म गाउँकार्यपालिकाको कार्यालयमा सिफारिस गरेको अवस्थामा गाउँ कार्यपालिकाको कार्यालयले भुक्तानी दिनु पर्ने।
- वडा नं ३ को धुस्कोटमा ORC सञ्चालनको लागि बनाइएको भवनमा कार्यालय रहने गरी धुस्कोट सामुदायिक स्वास्थ्य सेवा केन्द्र स्थापना गर्ने र उक्त सामुदायिक स्वास्थ्य सेवा केन्द्रमा कार्य गर्ने गरी १ जना अनमी र १ जना कार्यालय सहयोगीको लागि सूचना गरी पदपुर्ति गर्ने ।

कविता

- यस गाउँपालिकाको वडा नं १ मा रहेको जलविरे प्राथमिक स्वास्थ्य केन्द्रमा जनस्वास्थ्य निरीक्षक (अधिकृत छैटौं) पदमा कार्यरत श्री शिवशंकर मण्डललाई यस गाउँपालिकाको स्वास्थ्य संयोजकको रुपमा काम गर्नेगरी खटाउने र हाल स्वास्थ्य संयोजकको रुपमा कार्यरत सि.अहेव श्री सुरेश साह सुडीलाई फूल्पिङडाँडा स्वास्थ्य चौकीमा सरुवा गरी पठाउने ।
- चालु आ. व. मा निर्माणाधिन यस गाउँपालिकाको वडा नं. ३ को वडा कार्यालयको भवन रहेको स्थान स्थानीय जनताको लागि अपायकभएतापनि निर्माण भैरहेको र भवनको लागि आवश्यक जग्गा समेत अपुग भएको भनी उक्त भवन निर्माण कार्य रोक्न स्थानीय जनताबाट अनुरोध भई आएकोले सो भवन निर्माण कार्यलाईअर्को निर्णय नभएसम्मका लागि हाललाई स्थगित गर्न उक्त भवन निर्माण उपभोक्ता समितिलाई निर्देशन दिने भनी गाउँकार्यपालिकाको मिति २०७९ असार ३ गते भएको निर्णय हाललाई कार्यान्वयन नगरी भवन निर्माण कार्यलाई निरन्तरता दिन उक्त उपभोक्ता समितिलाई निर्देशन दिने ।

विरोध लिखि प्राप्तको १२ २ मा २०। असर्फि साहको
हस्ताक्षर गरेको हो

कविता

विरोधको अन्तिम निर्णयमा मेरो सहमति छैन

# विद्यालय व्यवस्थापन समिति गठन प्रक्रियामा मेरो सहमति छैन।

# विद्यालय व्यवस्थापन समिति गठन प्रक्रियामा मेरो सहमति छैन।

कवि